आज मिति २०८१ साल जेष्ठ २३ गतेका दिन विहान ११.३० बजे यस ठाँटीकाँध गाउँपालिकाको ३५ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र कामी | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | प्रेमा |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | आमन्त्रित कर्मचारीहरु | | ठाँटीकाँध गापा दैलेख | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आ. प्र. शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | ई रवेम शाही | इन्जिनियर | | |

**मिति २०८१/०२/२३ गतेको ३५ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्तावहरु**

**प्रस्ताव नं. १**

यसपूर्व सम्पन्न कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

**प्रस्ताव नं. २**

आगामी आर्थिक वर्ष ०८१।०८२ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको लागि कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ३**

गाउँपालिकाको मासिक बैठक सञ्चालन र पत्राचार सम्वन्धमा ।

**प्रस्ताव नं. ४**

कानुनी सल्लाहकारलाई पारिश्रमिक भुक्तानी गर्ने सम्ब्नधमा ।

**प्रस्ताव नं. ५**

वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन सम्वन्धमा ।

**प्रस्ताव नं. ६**

सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुका लागि नवीकरण कार्य वायोमेट्रिक प्रणालीवाट गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ७**

योजना जाँचपास तथा फरफारकका लागि वडा स्तरबाट आवश्यक कागजात माग गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ८**

योजना कार्यान्वयन,जाँचपास तथा फरफारक र भुक्तानीका लागि अवधि निर्धारण सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ ब २०८०।०८१ को २०८० श्रावण देखि २०८१ साल बैशाख २१ गतेसम्म सञ्चालन भएका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था वारे समीक्षात्मक छलफल भयो । गाउँपालिकाको आर्थिक श्रोतले धान्न सक्ने निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८१।०८२ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको लागि देहाय अनुसारको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.स. | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | आगामी आर्थिक वर्षको राजस्व (आन्तरिक श्रोत, राजस्व बाँडफाँड, तथा अनुदान) को प्रक्षेपण र राजश्व अनुमान तयारी, | भईसकेको (२०८०।०९।२२ र २०८१।०२।१८ को बैठकबाट) | राजस्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | |
| २. | बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार एवम् कुल बजेट अनुमान,सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयारी, | भैसकेको (२०८१।०२।२३) | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | |
| ३. | विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने, | २०८१ जेठ २४ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | गाउँपालिका स्थित विभिन्न राजनीतिक दल, बुद्दिजिवी तथा अन्य सरोकारवालाहरुसँग नीति तथा कार्यक्रम एवम् बजेट निर्माणका लागि राय, सल्लाह तथा सुझाव संकलन, | २०८१ जेठ ३१ गते भित्र | गाउँपालिका अध्यक्ष | |
| ५. | बस्ती/टोलस्तरको बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने एवम् बस्ती टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने, | २०८१ जेष्ठ ३० गते भित्र | वडा समिति र समितिका तोकिएका सदस्य एवम् वडा सचिव | |
| ६. | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने, | २०८१ जेष्ठ ३२ गते भित्र | वडा समिति तथा वडा कार्यालय | |
| ७. | गाउँपालिकामा कार्यरत विकास साझेदारहरुसँग छलफल, | २०८१ आषाढ ३ गते भित्र | गैसस फोकल पर्शन | |
| ८. | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण, विषयगत | २०८१ आषाढ ४ गते भित्र | विषयगत समिति र शाखा प्रमुख | |

| | | | | |
|---|---|---|---|---|
| | समितिमा छलफल र प्राथमिकता निर्धारण एवम् साङ्केतिकरण गर्ने, | | | |
| ९. | नीति तथा कार्यक्रम तर्जुमा, | २०८१ आषाढ ५ भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १०. | वार्षिक बजेट (राजस्व र व्यय) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने, | २०८१ आषाढ ६ भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| ११. | विकास साझेदारका कार्यक्रमहरुलाई एकिकृत गरी समावेश गर्ने, | २०८१ असार ६ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १२. | आर्थिक विधेयकको मस्यौदा तयार गर्ने, | २०८१ असार ७ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १३. | विनियोजन विधेयक मस्यौदा तयार गर्ने, | २०८१ असार ७ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १४. | मध्यमकालिन खर्च संरचना तर्जुमा, | २०८१ असार ७ गते भित्र | मध्यमकालिन खर्च संरचना प्राविधिक समिति | |
| १५. | नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गर्ने, | २०८१ असार ७ गते | गाउँ कार्यपालिका | |
| १६. | नीति तथा कार्यक्रम र बजेट किताब छपाई, | २०८१ असार ९ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| १७. | नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक गाउँ सभामा प्रस्तुत | २०८१ असार १० गते | गाउँपालिका अध्यक्ष र उपाध्यक्ष | |
| १८. | नीति तथा कार्यक्रम, बजेट (राजस्व तथा व्ययको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयकमाथि छलफल | २०८१ असार २४ गते भित्र | गाउँ सभा | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | तथा स्वीकृति | | | |
| १९. | गाउँसभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम SuTRA मा प्रविष्टि | २०८१ असार असार मसान्त भित्र | गाउँ कार्यपालिकाको कार्यालय | |
| २०. | बजेट पुस्तिका तयारी तथा छपाई गर्ने | २०८१ साउन ३० गते भित्र | गाउँ कार्यपालिकाको कार्यालय | |

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको मासिक कार्यपालिका बैठक विशेष परिस्थितिमा बाहेक सामान्यतया प्रत्येक महिनाको १० र २५ गते गरी २ दिन बस्ने र सो का लागि मुख्य मुख्य प्रस्ताव सहित गरिएको फोन र एसएमएस तथा ग्रुप एसएमएसलाई समेत आधिकारिक मान्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा कर्मचारी समायोजनको विषयलाई आधार मानी यस गाउँपालिका विरुद्ध अ हे व श्री किशोर रावतले श्री सर्वोच्च अदालतमा दायर रिट (रिट नं ०८०-W0-0208) का सम्बन्धमा यस कार्यालयका तर्फबाट लिखित जवाफ तयार गरी पेश गर्न र नियमानुसार तारिखमा उपस्थित हुन कानुनी सल्लाहकारको रुपमा विद्वान अधिवक्ता श्री सन्दीप कुमार शाहीलाई जिम्मेवारी तोकिएकोमा उक्त कार्यार्थ निजलाई आबश्यक प्रकृया पुर्याई चालु आ ब २०८०।०८१ को परामर्श सेवा शिर्षक बाट रु ५० हजार पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आ ब २०८०।८१ का लागि अख्तियारी प्राप्त वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन अनुदानबाट यस पालिकाको वडा नं. ४ मा कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुका लागि नवीकरण कार्य आगमी आ ब २०८१।०८२ बाट वायोमेट्रिक प्रणालीबाट गर्ने गरी आबश्यक प्रबन्ध मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा वित्तीय समानीकरण अनुदानबाट सञ्चालन भएका वडा स्तरीय योजनाहरु र संघ तथा कर्णाली प्रदेश सरकारका साथै अन्य विभिन्न संघसंस्थाको अनुदानबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानी दिंदा रु ५ लाखसम्मका योजनाहरुको हकमा सम्बन्धित वडा

CamScanner

कार्यालयहरुको अनुगमन प्रतिवेदन,वडा समितिको बैठकबाट योजना जाँचपास तथा फरफारकका लागि भएको निर्णय प्रतिलिपि र वडा कार्यालयको सिफारिसलाई आधारमा मान्ने र सो भन्दा माथिका योजना तथा कार्यक्रमका लागि समेत उक्त कागजातका अतिरिक्त गाउँ स्तरीय अनुगमन समितिको प्रतिवेदन आवश्यक हुने गरी भुक्तानी प्रकृयालाई व्यवस्थित गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा वित्तीय समानीकरण र संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजना तथा कार्यक्रमहरु र ठेक्का प्रकृयाबाट सञ्चालन भएका योजनाहरुको भुक्तानीका लागि प्राविधिकको मुल्यांकन सहित तोकिएका कागजातहरु मिति २०८१।०३।१५ गतेभित्र र चालु खर्च तर्फका कार्यक्रमहरु मिति २०८१ असार १० गते भित्र अनिवार्य रुपमा पेश गरिसक्न सम्बन्धित सवैलाई सुचना गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।